# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल

☎०८३-५५०१५५
E-mail:info@bherigangamun.gov.np
ito.bherigangamun@gmail.com
Website: bherigangamun.gov.np


प.सं. :- २०७९/०८०
च.न.: २०५०

मितिः २०७९।१२।०९

विषयः भुमि सम्वन्धी सहजिकरण समिति गठन गर्ने सम्वन्धमा।

श्री १ देखि १३ नं. वडा कार्यालय सबै,
भेरीगंगा नगरपालिका सुर्खेत ।

प्रस्तुत विषयमा यस भेरीगंगा नगरपालिकाको भूमिहिन दलित भूमिहिन सुकुम्वासि र अव्यवस्थित बसोबासिको लगत संकलन कार्य गर्दा स्थलगत रुपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजिकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्याउनको लागि भूमिहिन दलित भूमिहिन सुकुम्वासि र अव्यबस्थित बसोबासिको लगत संकलन सम्बन्धी कार्यविधि २०७८ को दफा ४ को उपदफा २ मा वडास्तरीय भूमिहीन र अव्यबस्थित बसोबासि ब्यबस्थापन सहजिकरण समितिको व्यवस्था भएकोले मिति २०७९।१२।१५ गतेसम्म उक्त समिति गठन गरि सोको जानकारी यस नगरपालिकाको कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ। उक्त कार्यविधि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा समेत जानकारी गराईन्छ ।

२०७९/१२/१३
...............
यज्ञप्रसाद ढकाल
नगर प्रमुख

नगर प्रमुख

**भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८**

राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ को दफा ६ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय भूमि आयोगले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि आयोगले स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) "अव्यवस्थित बसोबासी" भन्नाले ऐनको दफा ५२ (ग) को स्पष्टीकरण खण्डमा उल्लेख भए बमोजिम सरकारी, ऐलानी, पर्ति वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आवाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका ऐनको दफा ५२(ग) को उपदफा (३) को आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउछ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय भूमि आयोग सम्झनुपर्छ ।

(ग) "ऐन" भन्नाले भूमि सम्वन्धी ऐन, २०२१ सम्झनुपर्छ ।

(घ) "नियम" भन्नाले भूमि सम्बन्धी नियमहरू, २०२१ सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले स्थानीय तहको गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनुपर्छ।

(च) "जिल्ला समिति" भन्नाले राष्ट्रिय भूमि आयोग गठन आदेश २०७८ को दफा ८ बमोजिमको जिल्ला समिति सम्झनुपर्छ ।

(छ) "नाप नक्सा" भन्नाले नापीका लागि नियन्त्रण विन्दु स्थापना गर्ने, जग्गाको नापी गरी जग्गाको तथ्याङ्क संकलन गर्ने, जग्गाको नक्सा तयार गर्ने, क्षेत्रफल यकिन गर्ने, जग्गाको किसिम वर्गीकरण गर्ने र क्षेत्रीय किताब (फिल्डबुक) तयार गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ज) "निवेदन फाराम" भन्नाले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीले आफ्नो विवरण सहित निवेदन दिने अनुसूची-३ र अनुसूची-४ बमोजिमको ढाँचाको फाराम सम्झनु पर्छ ।

(झ) "भूमिहीन दलित" भन्नाले राष्ट्रिय दलित आयोगद्वारा दलित भनी सूचीकृत जातिका भूमिहीन सुकुम्बासी भन्ने सम्झनुपर्छ ।

(ञ) "भूमिहीन सुकुम्बासी" भन्नाले ऐनको दफा ५२ (ख) को स्पष्टीकरण खण्डमा उल्लेख भए बमोजिम नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमीन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको

प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

*स्पष्टीकरण:* यस कार्यविधिको प्रयोजनको लागि मात्रै "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ३०६ को खण्ड (ढ) मा प्रयुक्त भएको जिल्ला सभा राखिएको छैन ।

(ठ) "सेवा केन्द्र" भन्नाले दफा ५ को उपदफा (१) बमोजिमको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क संकलन लगायतका कार्य गर्न स्थानीय तहमा रहने "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी संकलन सेवा केन्द्र" सम्झनुपर्छ।

३. <u>आयोग र स्थानीय तह बीच समझदारी</u>: आयोगले राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ र अन्य प्रचलित कानूनमा भएका व्यवस्था अनुरुप भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्यलाई समन्वयात्मक रूपमा प्रभावकारी ढंगले सम्पन्न गर्न स्थानीय तहसँग अनुसूची –१ बमोजिमको कार्य सहमति पत्रमा हस्ताक्षर गरी कार्य प्रारम्भ गर्नु पर्नेछ ।

४. <u>सहजीकरण समिति</u>: (१) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न स्थानीय तहमा देहाय बमोजिमको स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नु पर्नेछ।

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष - संयोजक

(ख) स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष - उपसंयोजक

(ग) सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि – सदस्य

(घ) कार्यपालिकाका सदस्यहरु मध्येबाट एक दलित / अल्पसंख्यक र एक महिला गरी दुई जना - सदस्य

(ङ) स्थानीय तहमा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित सहित ३ जना) - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) स्थलगत रूपमा तथ्याङ्क संकलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुर्‍याउन देहाय बमोजिमको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नु पर्नेछ।

(क) वडा अध्यक्ष — अध्यक्ष

(ख) वडा सदस्यहरु —सदस्य

(ग) सम्बन्धित वडामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित वडामा क्रियाशील किसान, सुकुम्बासी, भूमि, बसोबास लगायतका क्षेत्रमा काम गरिरहेका संघ, संगठन वा नागरिक समाजबाट नदोहोरिने गरी वडास्तरीय सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित सहित ३ जना) - सदस्य

(ङ) वडा सचिव —सदस्य सचिव

(३) उपदफा (१) र (२ ) बमोजिमका समितिको बैठकमा आवश्यकता अनुसार दफा ५ को उपदफा (१) बमोजिमको सेवा केन्द्रका कर्मचारी र सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको समितिले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) स्थानीय तहले तर्जुमा गरेको कार्ययोजना कार्यान्वयन गर्न सहयोग गर्ने |

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क संकलन, पहिचान, प्रमाणीकरण र नाप नक्सा लगायतका कार्य प्रक्रियामा सहजीकरण गर्ने |

(ग) समुदायस्तर तथा सम्बन्धित सरोकारवालाहरूमा आयोगको काम कारवाहीहरु सम्बन्धमा प्रचार प्रसार एवं सूचना सम्प्रेषण गर्ने।

(५) वडाको लगत संकलन तथा नाप नक्साको कार्यमा कुनै विवाद वा बाधा अड्चन देखिएमा वा तथ्याङ्क संकलक वा नापी टोलीले सहजीकरणको लागि अनुरोध गरेमा उपदफा (२) बमोजिमको समितिले उपलब्ध तथ्य, प्रमाण, फिल्डको बस्तुस्थिति लगायतको अध्ययन र नापी टोलीको राय सुझाव समेतको आधारमा विवादको टुङ्गो लगाउने छ।

(६) उपदफा (२) बमोजिमको समितिले उपदफा (५) अनुसार विवाद समाधान गर्न नसकेमा सो समितिले आफ्नो राय तथा सिफारिस सहित उपदफा (१) बमोजिमको समितिमा लेखी पठाउनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम लेखी आएमा उपदफा (१) बमोजिमको समितिले आवश्यक समन्वय र सहजीकरण गरी विवाद समाधान गर्नेछ ।